# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०२।२१ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

जिल्ला कालिकोट, जनता माध्यमिक विद्यालय राम्नाकोट, खार्दुमा कार्यरत जयलाल न्यौपानेले प्रधानाध्यापक भई मिति २०७० देखि मंसिर महिनादेखि २०७२ साल भाद्र महिनासम्म कामकाज गर्ने सिलसिलामा शिक्षकको तलब, विद्यार्थीको छात्रवृत्ति, दिवा खाजा तथा भवन निर्माणको ज्यामीको ज्याला लेखापालको किर्ते हस्ताक्षर गरी राष्ट्रिय वाणिज्य बैंक मान्म, कालिकोटबाट रकम निकाली रू.१७,०६,७३१/- अनियमितता गरेकोले कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज जनता माध्यमिक विद्यालय राम्नाकोट, खार्दु, कालिकोटका तत्कालीन प्रधानाध्यापक जयलाल न्यौपानेले विद्यालयको जम्मा रू.१७,४६,७३१/- हिनामिना हानिनोक्सानी गरेको देखिएकोमा निजले विभिन्न मितिमा रू.९,१५,०००/- विद्यालयको खातामा जम्मा गरेको देखिंदा बाँकी हुन आउने रू.८,३१,७३१/- बदनियतसाथ हिनामिना हानिनोक्सानी गरी निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको स-प्रमाण पुष्टि हुन आएको हुँदा निज जयलाल न्यौपानेलाई बिगो रू.८,३१,७३१/- (आठ लाख एकतीस हजार सात सय एकतीस) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम सजाय हुन एवं हिनामिना हानिनोक्सानी भएको बिगो रू.८,३१,७३१/- निजबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम असुलउपर हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता